## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
## स्तर निर्धारण तथा सम्वन्धन महाशाखा सानोठिमी, भक्तपूर
## प्रयोगात्मक अभ्यासको लागि अस्पतालको व्यवस्था सम्वन्धि अत्यन्तै जरुरी सुचना
## प्रकाशित मिति २०७६।०९।११

यस परिषद र नेपाल नर्सिङ परिषदद्धारा तोकिएको मापदण्ड पूरा गरी परिषद कार्यालयबाट सम्वन्धन/स्वीकृती लिई निजीस्तरमा प्रमाणपत्र तह नर्सिङ कार्यक्रम संचालन गरिरहेका सस्थाहरुले नेपाल नर्सिङ परिषदको संशोधित मापदण्डमा मिति २०६८ देखि लागु हूनेगरी १००शैयाको अस्पताल हूनूपर्ने प्रावधान रहेको तथा राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ४४ उपदफा (१) **बमोजिम यो ऐन प्रारम्भ हूनूभन्दा अघि आफ्नो अस्पताल संचालन नभए पनि शैक्षिक कार्यक्रम संचालन गरेका शिक्षण सस्थाले यो ऐन प्रारम्भ भएको दूई वर्ष भित्र स्वास्थ्य तथा जनसख्या मन्त्रालयले तोकेको मापदण्ड वमोजिम अस्पताल संचालनमा ल्याउनू पर्नेछ र उपदफा** (२) **बमोजिम यो ऐन प्रारम्भ हूदांका बखत संचालनमा रहेका वा स्थापना भई संचालन हूने क्रममा रहेका शिक्षण सस्थाले यस ऐन वमोजिम कायम गर्नू पर्ने पूर्वाधार तथा मापदण्ड पूरा नगरेको भएमा यो ऐन प्रारम्भ भएको मितिले दूई वर्ष भित्र त्यस्तो पूर्वाधार तथा मापदण्ड कायम गर्नू पर्नेछ** भन्ने व्यहोरा उल्लेख भएको हूदां गूणस्तरीय प्रयोगात्मक अभ्यास गराउनका लागि आवश्यक पर्ने अस्पतालको व्यवस्था तोकिए बमोजिम गर्न गराउनू हून सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।